भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

पत्र.सं. :- २०८२/८३
च.नं.:- ७७४

मितिः-२०८२/०९/२३ गते

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको प्रथम पटक प्रकाशित आ.व.२०८२/८३ मा संञ्चालन हुने **उन्नत मकै बीउ उत्पादन** कार्यक्रमको माग सम्बन्धी (सूचना ३० दिने) त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।साथै उक्त कार्यक्रमको बीउ माग सम्बन्धी सूचना र माग फारम यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

.................................
(देविलाल वि.क)
प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं.:- ३४
प.स. २०८२/०८३

**<u>उन्नत मकै बीउ उत्पादन माग सम्बन्धी सूचना।</u>**

**प्रथम पटक प्रकाशित मिति :- २०८१/०९/२३**

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेश्रो चौमासिक अवधिमा सञ्चालन हुने संघीय सरकारबाट हस्तान्तरित ससर्त अनुदान कार्यक्रम *मकै बीउ उत्पादन कार्यक्रम* मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८२/१०/२३ गते)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

<u>तपशिलः</u>

<u>पेश गर्नुपर्ने आवश्यक कागजातहरुः</u>

- कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको निवेदन ।
- कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडले आफुले उत्पादन गर्न चाहेको मकैको जात र परिणाम सहित भरेको माग फारम ।
- कृषक/कृषि फार्म/कृषक समूह/कृषिसहकारी संस्था लिमिटेड अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषक समूहको बीउ माग सम्बन्धमा निर्णयको प्रतिलिपी ।

..........................
(मोहन कुमार डाँगी)
प्राविधिक सहायक

..........................
(देविलाल वि.क)
प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

<u>सम्पर्कका लागिः</u>

ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४
कृषि प्राविधिक.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९३५
प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२३

# उन्नत मकै बीउ उत्पादनको लागी माग फारमको ढाँचा

| कृषक /कृषक समुह तथा सहकारीको नाम | मोवाईल नम्वर | ठेगाना टोल सहित | बीउ उत्पादन गर्न चाहेको मकैको जात | आवश्यक मुल बीउ (के.जि | बीउ उत्पादन गर्न चाहेको जमिनको क्षेत्रफल(रोपनि) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |